# राष्ट्रिय विपद् बुलेटिन

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

मासिक

अंकः २० । २०८० मंसिर । नेपाल संवत् ११४४ कछलाथ्व । November 2023 । Website: www.bipad.gov.np/np/


## प्रधानमन्त्री दाहालद्वारा उपचार, राहत र पुनर्निर्माणमा जोड

काठमाडौं/ प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड"ले कार्तिक १७ गते राति जाजरकोट जिल्लालाई केन्द्रबिन्द बनाएर गएको भूकम्पपछि खोज तथा उद्धारको काम मूलभूत रुपमा सम्पन्न भएकोले अब उपचार, राहत र पुनर्निर्माणमा जोड दिन निर्देशन दिनुभएको छ ।

कार्तिक १९ बिहान बसेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को १३ औं बैठकमा प्रधानमन्त्री दाहालले भन्नुभयो, "भूकम्पलगत्तै सबै राजनीतिक दल, संघीय सरकार र यसका विभिन्न निकाय, प्रदेश सरकार र स्थानीय सरकारहरुले लिएको पहलका निम्ति सबैमा धन्यवाद व्यक्त गर्दछु। हामीले खोज, उद्धार र उपचारको काम मूलभूत रुपमा पूरा गरेका छौं । अब राहत र पुनर्स्थापनातर्फ केन्द्रित हुनुपर्छ।"

प्रधानमन्त्री दाहालले पुनर्स्थापना र पुनर्निर्माणलाई प्रभावकारी बनाउन विद्यमान ऐन, विधि र संरचनामा विगतको अनुभवको समेतको समीक्षा गरी थप प्रभावकारी बनाउने गरी काम गर्न पनि जोड दिनुभयो ।

प्रधानमन्त्री दाहालले कुन भूगोल निजी आवास निर्माण तथा बस्ती बसाउन जोखिमपूर्ण छ र कुन भूगोल सुरक्षित छ भनेर भौगर्भिक अध्ययन गर्न र त्यससम्बन्धी जनचेतना फैलाउनु पर्नेमा जोड दिनुभयो । साथै, उहाँले विपदका लागि चाहिने आवश्यक सामग्री ७७ जिल्लामा भण्डारण गर्न पनि निर्देशन दिनुभयो ।

प्रधानमन्त्री दाहालले विपद् समयमा अत्यावश्यक सामग्री खरिद प्रक्रिया सरलीकृत गर्न एवं विपद् पश्चातको सुरक्षित र दिगो पुनर्निर्माण र पुनर्स्थापना कार्यलाई शीघ्र सम्पन्न गर्ने विशेष प्रावधानका साथ आवश्यक कानुनी प्रबन्ध र विद्यमान व्यवस्थालाई समायानुकूल परिमार्जन गर्ने निर्देशन पनि दिनुभयो ।

बैठकले भूकम्प प्रभावितका लागि आवश्यक पर्न सक्ने थप स्वास्थ्य जनशक्ति सुर्खेत, नेपालगञ्ज र काठमाडौंमा राख्ने र थप सघन उपचारको आवश्यकता भएका घाइतेलाई स्वीकृत मापदण्ड अनुसार निःशुल्क औषधोपचारको व्यवस्था स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गर्ने निर्णय गरेको छ । बैठकमा भूकम्प प्रभावित जिल्लाको आवश्यकताका आधारमा राहत, अस्थायी आवास सहितका तत्कालिक कार्यका लागि थप रकमको व्यवस्था गर्ने पनि निर्णय भएको छ ।

त्यसैगरी, भूकम्पबाट भएको क्षतिको लेखाजोखा तथा प्रभाव मूल्यांकन गरी आवश्यकताको पहिचान गर्ने र सोका आधारमा योजनाबद्ध रुपमा राहत, पुनर्निर्माण र पुनर्स्थापना गर्न संघ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यमा एकीकृत र एकद्वार प्रणालीबाट कार्यक्रम संचालन गर्ने पनि निर्णय भएको छ । बैठकबाट भूकम्प प्रतिरोधी निजी आवास र विपद् उत्थानशील संरचना निर्माण एवं भौगर्भिक अवस्था समेतको अध्ययन गरी जोखिम आँकलनका आधारमा बस्ती विकासका कार्य प्रारम्भ गर्ने पनि निर्णय भएको छ ।

बैठकमा उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले भन्नुभयो, "प्रधानमन्त्री आफैंले तत्काल उद्धारको



पहल लिनुभयो । उद्धारको काम लगभग पूरा भएको छ। कोही बेपत्ता छैनन् । तत्कालको राहतमा अब हाम्रो ध्यान केन्द्रित हुनुपर्छ।"

कृषि तथा पशुपन्छी मन्त्री डा. बेदुराम भुसाल, शिक्षा विज्ञान तथा प्रविधि मन्त्री अशोककुमार राई, अर्थ मन्त्री डा. प्रकाशशरण महत, उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्री शक्ति बस्नेत, भौतिक पूर्वाधार तथा यातायात मन्त्री प्रकाश ज्वाला, सहरी विकास मन्त्री सीता गुरुङ, नेपाली सेनाका प्रधानसेनापति प्रभुराम शर्माले प्रधानमन्त्रीको सक्रियताबाट सबैमा उर्जा मिलेको बताउँदै प्रभावकारी राहत व्यवस्थापन र पुनर्स्थापनाका लागि आ-आफ्ना निकायबाट यथासंभव योगदान गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

बैठकले भूकम्पमा परी मृत्यु भएका व्यक्तिहरुप्रति

*बाँकी पृष्ठ ३ मा*

## अस्थायी आवास बनाउन ५० हजार दिइने

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको १९ औं बैठक माननीय उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठज्यूको अध्यक्षतामा प्राधिकरणको सभाहलमा सम्पन्न भएको छ ।

कार्तिक २६ बसेको बैठकले जाजरकोट भूकम्पबाट पूर्ण रुपमा क्षतिग्रस्त निजी आवासका लाभग्राही परिवारलाई अस्थायी आवास निर्माणका लागि प्रति परिवार रु. २५/२५ हजार गरी जम्मा रु. ५० हजारका दरले दुई किस्तामा अनुदान रकम उपलब्ध गराउने निर्णय गरेको छ ।

बैठकले यस्तो अनुदान रकम वितरणलाई व्यवस्थित गर्न 'भूकम्पबाट प्रभावित घर परिवारलाई अस्थायी आवास निर्माण अनुदान कार्यविधि, २०८०' पनि स्वीकृत गरेको छ ।

साथै बैठकले भूकम्पको कारण क्षति भएका निजी आवास तथा सार्वजनिक भवन र संरचनाको प्रबलीकरण, पुनर्निर्माण तथा पुनर्स्थापनाको योजना बनाउन क्षतिको



विवरण संकलन गरी विस्तृत क्षति आंकलन, मूल्यांकन (Detailed Damage Assessment) गर्न आवश्यक पर्ने उपयुक्त जनशक्तिको व्यवस्थापन गर्न शहरी विकास मन्त्रालयसँग समन्वय गरी उपयुक्त विधि तयार गर्न राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई जिम्मा दिएको छ ।

बैठकले अस्थायी आवास निर्माण गर्न आवश्यक सामग्री सहज र सुलभ ढङ्गबाट उपलब्ध गराउन निजी क्षेत्रलाई अनुरोध गर्ने, निर्माण प्रकृयामा सहयोग पुरयाउन राजनीतिक दल, निजी प्रतिष्ठान, सामाजिक/स्वयंसेवी संघ-संस्थालाई अनुरोध गर्ने निर्णय पनि गरेको छ । साथै, भूकम्प प्रभावित क्षेत्रमा खानेपानी, शौचालय सरसफाइ सम्बन्धी आधारभूत सुविधा तत्काल पुर्याउन सम्बन्धित स्थानीय तहलाई आग्रह गर्ने र सम्बद्ध निकायले यस कार्यमा सहयोग गर्ने पनि निर्णय भएको छ ।

बैठकमा आफ्नो धारणा राख्दै उपप्रधानमन्त्री एवं गृहमन्त्री श्रेष्ठले खोज तथा उद्धार एवं पहिलो चरणको राहतपछि अबको प्राथमिकता भूकम्प प्रभावितका लागि अस्थायी आवास निर्माण भएको बताउनुभयो ।

उपप्रधानमन्त्री श्रेष्ठले भन्नुभयो, 'अस्थायी आवास निर्माणका लागि राहत रकम वितरणमा कुनै विलम्ब हुने छैन । स्थानीय तहको विपद् व्यवस्थापन कोषमा रकम पठाइ स्थानीय तहले प्रभावितलाई रकम दिने व्यवस्था गरिनेछ ।'

उपप्रधानमन्त्री श्रेष्ठले भूकम्प प्रभावित सुत्केरी, बालबालिका र बृद्धबृद्धाको स्याहार र उपचारका

*बाँकी पृष्ठ ३ मा*

## जाजरकोट भूकम्प पश्चतात विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को निर्णय

मिति २०८० कार्तिक १९ गते आइतबार बसेको विपद् जोखिम न्यूनीकरण तथा व्यस्थापन राष्ट्रिय परिषद्को तेह्रौं बैठकका निर्णय

निर्णय नं. १: मिति २०८० कार्तिक १७ गते जाजरकोटको रामिडाँडा केन्द्रविन्द बनाएर गएको भूकम्पमा परी घाइते भएकाको तत्काल उपचारका लागि आवश्यक औषधि र चिकित्सक सहितको स्वास्थ्योपचार टोली प्रभावित क्षेत्रमा छिटो साधनद्वारा पठाइ सकिएकोमा आवश्यक पर्न सक्ने थप स्वास्थ्य जनशक्ति र औषधि सुर्खेत, नेपालगञ्जमा तयारी अवस्थामा राखे, सघन उपचारको आवश्यकता भएका सबै घाइतेलाई निःशुल्क औषधोपचारको प्रवन्ध स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गर्ने।

निर्णय नं. २: आपतकालीन प्रतिकार्य खोज, उद्धार, औषधोपचार एवं राहत व्यवस्थापन कार्यमा संलग्न सबैलाई हार्दिक धन्यवाद व्यक्त गर्ने। बाँकेको नेपालगञ्ज र सुर्खेतलाई मुख्य बेस बनाई सोही स्थानबाट मात्र सम्बन्धित भूकम्प प्रभावित क्षेत्रमा राहत व्यवस्थापन तथा वितरणको प्रवन्ध मिलाउने । राहत व्यवस्थापन कार्य एकद्वार प्रणालीबाट हुने गरी सबै सरकारी संयन्त्र, गैरसरकारी तथा निजी क्षेत्रसंग समन्वय गर्ने र सम्बन्धित प्रभावित क्षेत्रमा वितरण र परिचालनको व्यवस्था गृह मन्त्रालयले मिलाउने । खोज, उद्धार, औषधोपचार र राहत व्यवस्थापन कार्यमा नेपाली सेनाले हवाई सेवा उपलब्ध गराउने ।

निर्णय नं. ३: तत्कालको राहतका लागि स्वीकृत मापदण्ड बमोजिम खर्च गर्ने गरी जाजरकोट र रुकुम पश्चिमको जिल्ला विपद् व्यवस्थापन कोषमा संघको विपद् व्यवस्थापन कोषबाट पाँच/पाँच करोड रुपैया पठाई सकिएको छ। भूकम्पमा परी मृत्युवरण गरेका व्यक्तिका परिवारलाई स्वीकृत मापदण्ड बमोजिम रू. दुई लाखका दरले राहत रकम तत्काल उपलब्ध गराउने। यसका साथै भूकम्प प्रभावित जिल्लाहरूको आवश्यकताका आधारमा राहत, अस्थायी आवास सहितका तात्कालिक कार्य प्रवन्धका लागि खर्च हुने थप रकमको व्यवस्था गृह मन्त्रालयको समन्वयमा अर्थ मन्त्रालयले मिलाउने ।



निर्णय नं. ४: राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले राष्ट्रिय योजना आयोग, कर्णाली प्रदेश सरकार र सम्वन्धित स्थानीय तहहरुसँगको समन्वयमा सम्बन्धित क्षेत्रमा भूकम्पबाट भएको क्षतिको लेखाजोखा तथा प्रभाव मूल्यांकनका लागि तत्काल आवश्यक जनशक्ति र स्रोतसाधन परिचालन गर्ने । भूकम्पबाट पूर्ण रुपमा क्षति भएका निजी आवास प्रभावितलाई तत्काल अस्थायी आवासको उचित व्यवस्था मिलाई सरकारी तथा सार्वजनिक भवनमा पुगेको क्षतिका कारण सेवा प्रवाहमा अवरोध हुन नदिई निरन्तर सेवा प्रवाह गर्न सुरक्षित स्थलको व्यवस्था सम्बन्धित विषयगत निकायले मिलाउने ।

निर्णय नं. ५: नेपालको भूकम्पीय जोखिमको अवस्थालाई दृष्टिगत गरी सुरक्षित पूनर्निर्माण गर्नका लागि विद्यमान ढाँचा (Design) र मापदण्डलाई स्थानीय मौलिकता, सामाजिक सांस्कृतिक विशेषता, स्थानीय सीप, प्रविधि र स्रोतसाधनको उपयोग हुने गरी ३० दिनभित्र तयार गरी भूकम्प प्रतिरोधी निजी आवास र विपद् उत्थानशील संरचना निर्माण एवं भौगर्भिक अवस्था समेतको अध्ययन गरी जोखिम आँकलनका आधारमा भूकम्प प्रभावित क्षेत्रमा एकीकृत बस्ती विकास गर्न आवश्यक गृहकार्यका साथ शहरी विकास मन्त्रालयले तत्काल कार्य प्रारम्भ गर्ने। बहुप्रकोपीय विपद् जोखिमको सामना गर्न खोज, उद्धार तथा राहत सामग्रीको भण्डारणका लागि आधुनिक गोदामघर (Warehouse) निर्माण तथा क्षमता विकास र सचेतना प्रबर्द्धनलाई ७७ वटै जिल्लाका संरचना तथा आवश्यकता अनुसार स्थानीय तहमा समेत संस्थागत गर्न कानूनी प्रवन्ध गर्ने ।

निर्णय नं. ६: विपद्को अवस्थामा संवेदनशीलता र जोखिमलाई विशेष ध्यानमा राखी विपद् पश्चात नागरिकलाई तत्काल राहत र पुनर्निर्माण, पुनर्स्थापना तथा पुनर्लाभका कार्यलाई शीघ्र सम्बोधन गरी राज्यको उपस्थिति र साथको अनुभूति दिलाउनु आवश्यक हुन्छ। यसका लागि विपद्को समयमा अत्यावश्यक सामग्री खरिद प्रक्रिया सरलीकृत गर्न एवं विपद् पश्चातको सुरक्षित र दीगो पुनर्निर्माण, पुनर्स्थापना एवं पुनर्लाभका कार्यलाई शीघ्र सम्पन्न र सम्वोधन गर्न विद्यमान कानूनी प्रावधानलाई समयानुकुल परिमार्जन गर्ने ।

निर्णय नं. ७: जाजरकोट र रुकुम पश्चिमको भूकम्पमा परी मृत्यु भएका व्यक्तिहरूको आत्माको चीर शान्तिका लागि हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्ने ।

## भूकम्प पश्चात छिमेकी र विकास साझेदारको सहयोग

जाजरकोट भूकम्प लगत्तै नेपालका छिमेकी राष्ट्रका सरकार प्रमुख तथा नेपालस्थित राजदूतहरुले क्षतिप्रति दु:ख व्यक्त गर्दै राहत उपलब्ध गराइने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

छिमेकी राष्ट्र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले नेपालमा भूकम्पबाट भएको जनधनको क्षतिप्रति गहिरो दुःख व्यक्त गर्दै भारत 'नेपाली जनतासँग ऐक्यबद्धतामा उभिएको र सम्भव भएसम्म सहयोग गर्न तयार रहेको' बताउनुभयो । लगत्तै भारतले राहत सामग्री नेपालमा पठाउन थाल्यो ।

त्यसैगरि, उत्तरी छिमेकी राष्ट्रका चीनका तर्फबाट राष्ट्रपति सि जिनपिङले राष्ट्रपति रामचन्द्र पौडेललाई एक पत्र लेखी जाजरकोट भूकम्पबाट भएको जनधनको क्षतिप्रति समवेदना व्यक्त गर्नुभयो । नेपालका लागि चिनियाँ राजदूत चेन सोङले चाइना साउथ एसियाली कन्ट्रीज इमर्जेन्सी सप्लाइज रिजर्भबाट टेन्ट र कम्बललगायत राहत सामग्री पठाउने बताउनुभयो । केही दिनमै ती राहत नेपाल आइपुग्ने थाले ।

त्यसैगरि, बेलायतका राजा चार्ल्स, रुसका राष्ट्रपति भ्लादमिर पुटिन, जर्मनीका राष्ट्रपति फ्रान्क वाल्टर, पाकिस्तानका कार्यवाहक प्रधानमन्त्री अनवर उल हक कक्कड, चेक रिपब्लिका राष्ट्रपति पिटर पावेल, अष्ट्रियाका राष्ट्रपति भान डेर बेलेन, कतारका अमिर शेख तामिम बिन हमाद अल-थानी, स्पेनका प्रधानमन्त्री पेड्रो साञ्चेज लगायतले नेपाल सरकारलाई समवेदना पत्र पठाउनुभएको थियो ।

दुई छिमेकी राष्ट्रका अलवा विभिन्न राष्ट्रले राहत सामग्री उपलब्ध गराएका छन् । कतिपयले नेपाल सरकारलाई हस्तान्तरण गरेका छन् भने कतिपयले संयुक्त राष्ट्रसंघीय निकाय जस्तै युएनडिपी, डब्लुएफपी, युएनएफपिए लगायतका निकायमार्फत् परिचालन गरेका छन् । त्यसैगरि, युरोपेली युनियन आइएफआरसी र नेपाल रेडक्रस सोसाइटीमार्फत् सहयोग गरेको छ । यसका साथै सेभ द चिल्ड्रेन, केयर नेपाल लगायतका संस्था पनि राहत वितरणमा क्रियाशील छन् ।

यसबीच, जाजरकोट भूकम्पबाट भएको क्षति तथा नोक्सानीको अवस्था र पुनर्निर्माणको आगामी कार्यदिशाको सम्बन्धमा नेपालस्थित विकास साझेदार राष्ट्र र निकायसँगको बैठक अर्थ मन्त्रालयमा बसेको छ ।

# जाजरकोट भूकम्प पश्चतात विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको निर्णय

मिति २०८० कार्तिक २६ गते आइतबार बसेको विपद् जोखिम न्यूनीकरण तथा व्यस्थापन कार्यकारी समितिको उन्नाइसौं बैठकका निर्णय

निर्णय नं.१: मिति २०८० कार्तिक १७ गते जाजरकोट केन्द्रबिन्द बनाई गएको भूकम्प र तत्पश्चातका पराकम्पबाट मृत्यु भएकाहरु प्रति भावपूर्ण श्रद्धानली र परिवारजनमा समवेदना एवं घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना व्यक्त गर्ने ।

निर्णय नं. २: भूकम्पका कारण निजी आवास पूर्ण तथा आंशिक क्षति भई हाल अस्थायी आश्रयस्थलमा रहेका र चिसो, हिउँ, पानीबाट कष्टकर जिवन व्यतित गरिरहेका प्रभावित परिवारहरुलाई तत्काल अस्थायी आवासको प्रबन्ध गर्न अपरिहार्य भएकोले तत्काल अस्थायी आवास निर्माण गर्न प्रदान गरिने अनुदान रकमको उपयोगलाई व्यबस्थित गर्न विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४८ ले दिएको अधिकार प्रयोग गरी संलग्न 'भूकम्पबाट प्रभावित घर परिवारलाई अस्थायी आवास निर्माण अनुदान कार्यविधि २०८०' लाई स्वीकृत गर्ने ।

निर्णय नं.३: भूकम्पबाट निजी आवास क्षति भएका भूकम्प प्रभावित परिवारलाई प्रदेश सरकार स्थानीय तह र अन्य संघ सस्थाबाट स्थायी वा अस्थायी आवास निर्माणका लागि अनुदान वा सहयोग प्राप्त गरिसकेका लाभग्राही बाहेक भूकम्पबाट पूर्ण रुपमा क्षतिग्रस्त निजी आवासका लाभग्राही परिवारलाई विपद् पीडित उद्धार र राहत सम्बन्धी (सातौँ संशोधन) मापदण्ड, २०७७ को ३(च) अनुसार प्रति लाभग्राही परिवारलाई हाललाई रु. २५/२५ हजार गरी जम्मा रु. ५० हजारका दरले दुई किस्तामा स्वीकृत कार्यविधि बमोजिम अस्थायी आवास निर्माणका लागि राहत रकम उपलब्ध गराउन सम्बन्धित जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिलाई निर्देशन दिने र उक्त समितिको कोषमा आवश्कता अनुसार रकम विपद् व्यवस्थापन कोषबाट निकासा गरी पठाउने र सो रकम स्थानीय तहमार्फत् लाभग्राहीलाई उपलब्ध गराउने ।

निर्णय नं.४: भूकम्प प्रभावित परिवारलाई अस्थायी



आवास निर्माण लगायत विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्नका निम्ति विपद् व्यवस्थापन कोषमा नपुग रकम नेपाल सरकारसँग माग गर्ने ।

निर्णय नं.५: मिति २०८०/०६/१६ मा बझाङ केन्द्रबिन्द भई गएको भूकम्प प्रभावितहरुलाई अस्थायी आवास निर्माणका लागि रु. ५०/५० हजारका दरले रकम उपलब्ध गराउने गरी माननीय उप-प्रधानमन्त्री एवं गृहमन्त्रीज्यूबाट मिति २०८०/०६/२९ मा भएको निर्णयलाई अनुमोदन गर्ने ।

निर्णय नं.६: अस्थायी आवास निर्माण गर्न आवश्यक सामग्री सहज र सुलभ ढङ्गबाट उपलब्ध गराउन निजी क्षेत्रलाई अनुरोध गर्ने, निर्माण प्रकृयामा सहयोग पु-याउन राजनितिक दल, निजी प्रतिष्ठान, सामाजिक/स्वयंसेवी संघ-संस्था एवं सम्बद्ध सरकारी निकायहरुलाई अनुरोध गर्ने ।

निर्णय नं.७: विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७९ को दफा २० को उपदफा (२) बमोजिम विपद् पछि गरिने उद्धार कार्यका लागि लाग्ने यातग्रस्त, सञ्चार, भण्डारण, प्याकिङ, ढुवानी लगायत अन्य अत्यावश्यक कार्यका लागि आवश्यक खर्च कार्यकारी समितिले तोके बमोजिमको सीमा र प्रक्रियामा रहेर कोषवाट खर्च गर्न सक्नेछ भन्ने व्यवस्था भएकोले प्रचलित खरिद सम्बन्धी ऐन तथा नियमावली र जिल्ला दररेट बमोजिम प्रमुख जिल्ला अधिकारीले विपद् व्यवस्थापन कोषको रकम देहायको सीमा भित्र रही खर्च गर्न स्वीकृति प्रदान गर्ने ।

क) जाजरकोट र रुकुम पश्चिम जिल्लाको हकमा

अ) सम्भावित विपद्को जोखिममा रहेका व्यक्तिको जिउधनको सुरक्षा गर्न तत्कालै गर्नुपर्ने अग्रीम प्रतिकार्य शीर्षकमा बढीमा रु. १० लाख ।

आ) विपद्ले सिर्जना गरेका भग्नावशेष हटाउन, मृत पशुपंक्षीको व्यवस्थापन शिर्षकमा बढीमा रु. ५ लाख ।

इ) विपद् प्रतिकार्यको पूर्वतयारी स्वरुप आवश्यक उद्धार तथा राहत सम्बन्धी व्यवस्थापन, राहत सामग्रीको भण्डारण, प्याकेजिङ र ढुवानी शिर्षकमा बढीमा रु. २५ लाखसम्म।

ख) सल्यान जिल्लाको हकमा

अ) सम्भावित विपद्को जोखिममा रहेका व्यक्तिको जिउधनको सुरक्षा गर्न तत्कालै गर्नुपर्ने अग्रीम प्रतिकार्य शिर्षकमा बढीमा रु. ५ लाख ।

आ) विपद्ले सिर्जना गरेका भग्नावशेष हटाउन, मृत पशुपंक्षीको व्यवस्थापन शिर्षकमा चढीमा रु. ३ लाख ।

इ) विपद् प्रतिकार्यको पूर्वतयारी स्वरुप आवश्यक उद्धार तथा राहत सम्बन्धी व्यवस्थापन, राहत सामग्रीको भण्डारण, प्याकेजिङ र ढुवानी शिर्षकमा बढीमा रु. १० लाखसम्म।

निर्णय नं.८: मिति २०८०।०७।१७ मा जाजरकोट र रुकुम पश्चिममा गएको भूकम्पबाट प्रभावितलाई राहत उपलब्ध गराउन जाजरकोट र रुकुम पश्चिम दुबै जिल्लाका जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिलाई रु. ५/५ करोड उपलब्ध गराउने मिति २०८०।०७।२३ को कार्यकारी प्रमुख स्तरीय निर्णय अनुमोदन गर्ने ।

निर्णय नं.९: भूकम्पको कारण क्षति भएका निजी आवास तथा सार्वजनिक भवनहरु र संरचनाहरुको प्रवलीकरण, पुनर्निर्माण तथा पुनर्स्थापनाको योजना बनाउन क्षतिको विवरण संकलन गरी विस्तृत क्षति आंकलन (Detailed Damage Assessment) गर्न आवश्यक पर्ने उपयुक्त जनशक्तिको व्यवस्थापन गर्न शहरी विकास मन्त्रालयसँग समन्वय गरी उपयुक्त विधि/ढाँचा तयार गरी अर्थ मन्त्रालयबाट स्रोतको सुनिश्चितता सहित पेश गर्ने ।

निर्णय नं.१०: भूकम्प प्रभावित क्षेत्रहरूमा खानेपानी, शौचालय सरसफाई सम्बन्धी आधारभूत सुविधा तत्काल पुन्याउन सम्बन्धित स्थानीय तहलाई आग्रह गर्ने र सम्बद्ध निकायहरूले यस कार्यमा सहयोग गर्ने ।

## प्रधानमन्त्री दाहालद्वारा.......

हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै घाइतेहरुको शीघ्र स्वास्थ्यलाभको कामना पनि गरेको छ ।

बैठकमा सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माज्यू, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किरातीज्यू, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री रञ्जिता श्रेष्ठज्यू, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री सुरेन्द्र राज आचार्यज्यू, वन तथा वातावरण मन्त्री वीरेन्द्रप्रसाद महतोज्यू, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री अनिता देवीज्यूको पनि उपस्थिति थियो ।

## अस्थायी आवास ......

लागि विशेष योजना बनाउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई निर्देशन दिनु भयो ।

शहरी विकास मन्त्री सीता गुरुङले अस्थायी आवास निर्माणमा प्रयोग हुने जस्तापाता स्थायी आवासमा पनि पुन: प्रयोग गर्न मिल्ने गरी अस्थायी आवास निर्माण गर्न प्रोत्साहित गर्नुपर्ने धारणा राख्न भयो ।

प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेलले हालसम्म प्राप्त तथ्यांकअनुसार जाजरकोट भूकम्पबाट २६ हजार ५५७ घर पूर्ण रुपमा क्षतिग्रस्त भएको र ३५ हजार ४५५ घरमा आंशिक क्षति पुगेको बताउनुभयो । पोखरेलले जाजरकोटमा ३२ हजार २१८ थान त्रिपाल, १३२ थान टेन्ट र २४ हजार ३२२ थान ब्ल्याङकेट र रुकुम पश्चिममा १८ हजार ९७७ थान त्रिपाल, ४८९ थान टेन्ट र १०,७३७ थान ब्ल्याङकेट पुगेको पनि जानकारी दिनुभयो ।

बैठकमा नेपाल सरकारका मुख्य सचिव डा. बैकुण्ठ अर्याल, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्का विज्ञ सदस्य डा.गंगालाल तुलाधर, विभिन्न मन्त्रालयका सचिवज्यू, सुरक्षा निकायका प्रमुख, नेपाल रेडक्रस सोसाइटीका प्रतिनिधि लगायतको उपस्थिति थियो ।

# विपद्को तथ्य तथ्यांक

## २०८०-०१-०१ देखि २०८०-०७-३० सम्म

| घटना संख्या | मृत्यु | बेपत्ता | घाइते | प्रभावित परिवार | पशु चौपाया क्षति | घर क्षति: पूर्ण | घर क्षति: आंशिक |
|---|---|---|---|---|---|---|---|
| ३४७६ | ३८१ | ३१ | ११४८ | ७७२०३ | २१८८ | २७४८९ | ३९७५० |

**अनुमानित क्षति (रु.)**
**४,२०,०८,९८,५६७**

## २०८० कार्तिकको संक्षिप्त विवरण

*२०८०-०७-०१ देखि २०८०-०७-३० सम्म*

| घटना संख्या | मृत्यु | बेपत्ता | घाइते | प्रभावित परिवार | पशु चौपाया क्षति | घर क्षति: पूर्ण | घर क्षति: आंशिक |
|---|---|---|---|---|---|---|---|
| ३८५ | १७२ | ० | ४५१ | ६७९०२ | ५०७ | ३८६१७ | २६६५६ |

**अनुमानित क्षति (रु.)**
**२७,५९,५८,८५०**

## २०८० कार्तिकमा घटना अनुसारको क्षतिको विवरण

*२०८०-०७-०१ देखि २०८०-०७-३० सम्म*

**आगलागी**
घटना संख्याः ३०२
मृत्युः १४
बेपत्ताः ०
घाइतेः ५१

**जनावर आक्रमण**
घटना संख्याः १८
मृत्युः २
बेपत्ताः ०
घाइतेः १७

**पहिरो**
घटना संख्याः १
मृत्युः ०
बेपत्ताः ०
घाइतेः ०

**वन डढेलो**
घटना संख्याः २
मृत्युः ०
बेपत्ताः ०
घाइतेः ०

**लेक लाग्नु**
घटना संख्याः ९
मृत्युः १
बेपत्ताः ०
घाइतेः ८

**भुकम्प**
घटना संख्याः ५०
मृत्युः १५४
बेपत्ताः ०
घाइतेः ३७३

**सर्पदंश**
घटना संख्याः १
मृत्युः १
बेपत्ताः ०
घाइतेः ०

**अन्य**
घटना संख्याः १
मृत्युः ०
बेपत्ताः ०
घाइतेः २

**असिना**
घटना संख्याः १
मृत्युः ०
बेपत्ताः ०
घाइतेः ०

*स्रोतः http://www.bipadportal.gov.np/*

# सुदूरपश्चिम प्रदेशमा कार्यमञ्च गठन

धनगढी/ सुदूरपश्चिम प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्री शिवराज भट्टको अध्यक्षतामा विपद् जोखिम न्यूनीकरण सुदूरपश्चिम प्रादेशिक कार्यमञ्च गठन भएको छ । कार्तिक २२ गते राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा ब्यवस्थापन प्राधिकरण र सुदूरपश्चिम प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयद्धारा संयुक्त रुपमा आयोजित कार्यक्रममा यस सम्बन्धी घोषणा गरिएको हो ।

विपद् व्यवस्थापनको क्षेत्रमा सम्पूर्ण सरोकारवालाको अपरिहार्यतालाई मनन गर्दै सुदूरपश्चिम प्रदेशमा विपद् जोखिम न्यूनीकरण प्रादेशिक कार्यमञ्च गठन भएको छ ।

कार्यक्रममा सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमल बहादुर शाह, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन परीषदका सदस्य डा. गंगालाल तुलाधार, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रतिनिधि स्मीता पौडेल लगायतको उपस्थिति रहेको थियो ।

संयुक्त राष्ट्रसंघ विपद् जोखिम न्यूनीकरण अन्तर्राष्ट्रिय सचिवालयबाट विश्वव्यापी रूपमा विभिन्न तहमा विपद् जोखिम न्यूनीकरण कार्यमञ्च गठन गरी विपद् व्यवस्थापनका कार्यलाई समन्वयात्मक र प्रभावकारी



बनाउन सबै सरकारलाई आग्रह गरे बमोजिम यो कार्यमञ्च गठन भएको हो । गृह मन्त्रालयले २०६९ सालमा 'विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमञ्च' गठन गरी 'विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमञ्च नेपालको कार्यसञ्चालन मार्गदर्शन, २०७७' स्वीकृत गरी लागू भएको छ ।

कार्यमञ्चको सचीवालय डिपिनेटको तर्फबाट डा. राजु थापाले मार्गदर्शन अनुसार प्रादेशिक कार्यमञ्च गठन गर्न विगतमा तीनपटक प्रदेश स्तरमा छलफल गरिएको जानकारी कार्यक्रममा दिनुभएको थियो ।

प्रादेशिक कार्यमञ्चमा पनि संघीय कार्यमञ्च जस्तै गरी क) सरकारी निकाय, ख) अर्ध सरकारी निकाय, ग) राष्ट्रसंघ तथा दातृ निकाय, घ) अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, ङ) गैर सरकारी संस्था, च) प्राज्ञिक क्षेत्र, छ) निजी क्षेत्र, ज) सञ्चार जगत, झ) विपद् प्रभावित समूहको प्रतिनिधि सदस्य हुन्छन् । डिपिनेट सुदूरपश्चिमले सदस्य सचिवको भूमिका निर्वाह गर्छ ।

कार्यक्रमका प्रमुख अतिथि एवं मुख्यमन्त्री कमल बहादुर शाहले सुदूर पश्चिम प्रदेश विपद्का दृष्टिकोणले अत्यन्त संवेदनशील रहेको र प्रदेशले विपद् जोखिम न्यूनीकरण गर्न हरतरह प्रयास गरेको बताउदै संघले प्रदेशको विपद् संवेदनशीलता मनन गर्नुपर्ने बिचार व्यक्त गर्नु भयो ।

सुदूरपश्चिम प्रादेशिक कार्यमञ्चका अध्यक्ष एवं आन्तरिक मामिला तथा कानुन मन्त्री शिवराज भट्टले जोखिम न्यूनीकरण र व्यवस्थापन तथा आपत्कालीन मानवीय सहयोगका सन्दर्भमा समन्वय, सहकार्य, साझेदारी, अध्ययन, अनुसन्धान र ज्ञान आदान प्रदानलाई जोड दिइने बताउनुभयो ।

परिषद् सदस्य डा. तुलाधारले प्रदेशले आफ्नो वस्तुस्थितिअनुसार सबै क्षेत्रको प्रतिनिधित्व गराउन सके कार्यमञ्च विपद् व्यवस्थापनको क्षेत्रमा कोशेढुंगा सावित हुने बिश्वास व्यक्त गर्नु भयो ।

# जाजरकोट केन्द्र बनाएर भूकम्प, १५४ को मृत्यु





कार्तिक १७ गते राति ११:४७ बजे जाजरकोटको रामीडाँडालाई केन्द्रबिन्द बनाएर गएको भूकम्पका कारण कर्णाली प्रदेशको विशेषगरी जाजरकोट, रुकुम पश्चिम जिल्लाहरूमा जनधनको ठूलो क्षति भएको छ ।

भूकम्पमा परि जाजरकोटको नलगाड नगरपालिकाकी उपमेयर सरिता सिँहसहित जाजरकोट जिल्लामा १०१ र पश्चिम रुकुममा ५२ जनाको मृत्यु भयो । भूकम्पबाट दुई सय जनाभन्दा बढी घाइते भए ।

मध्यरातमा भूकम्प गएपश्चात उज्यालो हुनेबित्तिकै सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले भूकम्प प्रभावित स्थलमा पुगी खोज तथा उद्धारको नेतृत्व गर्नुभयो । सेनाको मेडिकल टोलीसँग हेलिकप्टरमा गएर प्रधानमन्त्री दाहालले केही घाइतेलाई आफू चढेको हेलिकोप्टरबाट अस्पतालसम्म पुर्याउनुभएको थियो ।

त्यसैगरी, सम्मानीय राष्ट्रपति रामचन्द्र पौडेलले पूर्वनिर्धारित फ्रान्सको भ्रमण स्थगित गर्नुभयो र भूकम्पमा परी मानवीय तथा सम्पत्तिको क्षतिप्रति दुःख व्यक्त गर्दै जाजरकोट सदरमुकाम खलंगा पुगी उपचार गरिररहेका घाइतेसँग भेटघाट गर्नुभयो ।

भूकम्पपछिको खोज तथा उद्धार सोही दिन सम्पन्न भयो र लगत्तै राहत तथा व्यवस्थापन सुरु भयो । घाइते भएर उपचारमा लगिएका कसैको पनि मृत्यु भएन । घाइतेहरुको उपचारका लागि नेपालगन्ज स्थित भरी अस्पतालमा अलग्गै शय्याहरुको व्यवस्था गरिएको छ ।

तुलनात्मक रूपमा कम म्याग्निच्युडको भूकम्प भएता पनि मानवीय क्षति ठूलो हुन पुगेको छ । यस क्षेत्रमा बनेका घरहरु कम गुणस्तर भएको र रातिको बेला भएकोले क्षति र हताहती धेरै भएको देखिन्छ । भत्किएका घर तथा गोठहरु गोलो ढुंगामा माटोको जोड राखेर बनेका छन् ।

भूकम्पलगत्तै नेपाल सरकारका विभिन्न निकाय, मानवीय क्षेत्रमा काम गर्ने संघ-संस्था, निजी क्षेत्रका साथै अन्तराष्ट्रिय जगतले सहयोग उपलब्ध गराए ।

यसअघि, असोज १६ मा बझाङको जयपृथ्वी नगरपालिकालाई केन्द्रबिन्द बनाएर गएको ६.३ म्याग्रेच्युडको भूकम्पमा परि ४० बर्षीया गुणमती धामीको मृत्यु भएको थियो भने ३० जना घाइते भएका थिए ।


## प्रधानमन्त्री कोषमा रकम जम्मा गर्न आग्रह

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले राहतका साथै अस्थायी आवास निर्माण एवं पुनर्निर्माणका लागि सहगोग गर्न सबैमा आग्रह गरेको छ ।

कार्यालयका प्रवक्ता नारायण प्रसाद भट्टले कार्तिक १८ गते एक सूचना प्रकाशित गरी प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रकम जम्मा गर्न आग्रह गर्नुभएको हो ।

भट्टका अनुसार देशविदेशमा रहनुभएका सहयोग गर्न इच्छुकले जोकसैले कोषको राष्ट्रिय बाणिज्य बैंकमा रहेको चल्ती खाता नं ११३०१००००३७६२००१ मा जम्मा गर्न सक्नेछन् ।

कार्तिक १७ गते राति जाजरकोट केन्द्रविन्द भई गएको भूकम्पबाट ठूलो जनधनको क्षति भएको छ।


नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं
नेपाल ।

सूचना

मिति २०८० साल कार्तिक १७ गते राति जाजरकोट केन्द्रविन्दु भई गएको भूकम्पबाट ठूलो जनधनको क्षति भएको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय भूकम्पका कारण मृत्यु हुने नागरिहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना र घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछ। विपद्को यस दुखद घडीमा खोज, उद्धार र राहतका लागि क्रियाशील रहनुभएका सम्पूर्ण महानुभावहरु एवम् संघसंस्थाहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै यसको निरन्तरता र थप सहयोगको लागि हार्दिक अनुरोध गरिन्छ। यस्तो संवेदनशील घडीमा देशविदेशमा रहनुभएका सहयोग गर्न इच्छुक सम्पूर्ण महानुभावहरुले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषको राष्ट्रिय वाणिज्य बैंकमा रहेको चल्ती खाता नं ११३०१००००३७६२००१ मा जम्मा गर्न सकिने व्यहोरा समेत अनुरोध छ।

मिति: २०८०।०७।१८

नारायण प्रसाद भट्ट
प्रवक्ता

## आपतकालीन सम्पर्क नम्बरहरु

| क्रं. सं. | प्रदेश | जिल्ला | प्रमुख जिल्ला अधिकारी | नेपाल प्रहरी | सशस्त्र प्रहरी बल |
|---|---|---|---|---|---|
| १ | प्रदेश नं. १ | भोजपुर | ९८५२०१७७७७ | ९८५२०-१५५५५ | ९८५१२७२२४५ |
| २ | प्रदेश नं. १ | धनकुटा | ९८५२०३७७७७ | ०२६-५२०१५५ | ९८५१२७२२४६ |
| ३ | प्रदेश नं. १ | इलाम | ९८५२६०७७७७ | ०२७-५२००२४ | ९८५१२७२२४२ |
| ४ | प्रदेश नं. १ | झापा | ९८५२६१७७७७ | ०२३-४५५०८५ | ९८५१२७२१२५ |
| ५ | प्रदेश नं. १ | खोटाङ | ९८५२८०७७७७ | ०३६-४२०१२१ | ९८५१२७२२४७ |
| ६ | प्रदेश नं. १ | मोरङ | ९८५२०५७७७७ | ०२१-५२५३०१ | ९८५१२७२१३६ |
| ७ | प्रदेश नं. १ | ओखलढुंगा | ९८५२८७७७७७ | ०३७-५२०१७५ | ०३७-५२०६४२ |
| ८ | प्रदेश नं. १ | पांचथर | ९८५२६२७७७७ | ०२४-५२०१९९ | ९८५१२७२२४० |
| ९ | प्रदेश नं. १ | संखुवासभा | ९८५२०७७७७७ | ०२९-५६०१९९ | ९८५१२७२२५४ |
| १० | प्रदेश नं. १ | सोलुखुम्बू | ९८५२८२७७७७ | ०३८-५२०२५० | ९८५१२७२०३९ |
| ११ | प्रदेश नं. १ | सुनसरी | ९८५२०८७७७७ | ०२५-५६०७२८ | ९८५२०६३२०१ |
| १२ | प्रदेश नं. १ | ताप्लेजुंग | ९८५२६३७७७७ | ०२४-४६०१९९ | ९८५१२७२२४१ |
| १३ | प्रदेश नं. १ | तेह्रथुम | ९८५२०९७७७७ | ०२६-४२०१२९ | ९८५१२७२२६२ |
| १४ | प्रदेश नं. १ | उदयपुर | ९८५२८१७७७७ | ०३५-४२०२१५ | ९८५१२७२२७२ |
| १५ | मधेश | पर्सा | ९८५५०७७७७७ | ०५१-५२२२५१ | ९८५१२७२१३२ |
| १६ | मधेश | बारा | ९८५५००७७७७ | ०५३-५५०३९९ | ९८५१२७२१५१ |
| १७ | मधेश | रौतहट | ९८५५०३७७७७ | ०५५-५२०१७७ | ९८५१२७२१३० |
| १८ | मधेश | सर्लाही | ९८५४०७७७७७ | ०४६-५२०८६६ | ९८५१२७२१२९ |
| १९ | मधेश | धनुषा | ९८५४००७७७७ | ०४१-५२६०९९ | ९८५१२७२१२७ |
| २० | मधेश | सिराहा | ९८५२८३७७७७ | ०३३-५२०००५ | ९८५१२७२१२६ |
| २१ | मधेश | महोत्तरी | ९८५४०२७७७७ | ०४४-५२०००९ | ९८५१२७२१२८ |
| २२ | मधेश | सप्तरी | ९८५२८५७७७७ | ०३१-५२१६१३ | ९८५१२७२१४३ |
| २३ | बागमती | सिन्धुली | ९८५४०६७७७७ | ०४७-५२०५५५ | ९८५१२७२६०२ |
| २४ | बागमती | रामेछाप | ९८५४०५७७७७ | ०४८-५४००९९ | ९८५१२७२५५६ |
| २५ | बागमती | दोलखा | ९८५४०१७७७७ | ०४९-४२१३३३ | ९८५१२७२५३७ |
| २६ | बागमती | भक्तपुर | ९८५१२१७७७७ | ०१- ६६१४८२१ | ९८५१२७२०६७ |
| २७ | बागमती | धादिङ | ९८५१२४७७७७ | ०१०-५२०२७९ | ९८५१२७२४९१ |
| २८ | बागमती | काठमाडौँ | ९८५१२०७७७७ | ०१-४२६१८४३ | ९८५१२७२०६८ |
| २९ | बागमती | काभ्रेपलान्चोक | ९८५१२३७७७७ | ०११-४९०२३० | ९८५१२७२०७५ |
| ३० | बागमती | ललितपुर | ९८५१२२७७७७ | ०६६-५५२१२०७ | ९८५१२७२०६६ |
| ३१ | बागमती | नुवाकोट | ९८५११४७७७७ | ०१०-५६०३९९ | ९८५१२७२५३५ |
| ३२ | बागमती | रसुवा | ९८५१२७७७७७ | ०१०-५४०२०० | ९८५१२७२२७५ |
| ३३ | बागमती | सिन्धुपाल्चोक | ९८५१२५७७७७ | ०११-६२००८८ | ९८५१२७२६०२ |
| ३४ | बागमती | चितवन | ९८५५०१७७७७ | ०५६-५२०९९९ | ९८५१२७२१३४ |
| ३५ | बागमती | मकवानपुर | ९८५५०२७७७७ | ०५७-५२३८११ | ९८५१२७२५३२ |
| ३६ | गण्डकी | बागलुङ | ९८५७६०७७७७ | ०६८-५२०२१९ | ९८५७६६८७०० |
| ३७ | गण्डकी | गोरखा | ९८५६०५७७७७ | ०६४-४२०२३७ | ९८५१२७२२७१ |
| ३८ | गण्डकी | कास्की | ९८५६००७७७७ | ०६१-५२००३३S | ९८५१२७२०८० |
| ३९ | गण्डकी | लमजुङ | ९८५६०१७७७७ | ०६६-५२०१९८ | ९८५१२७२६१५ |
| ४० | गण्डकी | मनाङ | ९८५६०३७७७७ | ०६६-४४०१९९ | ९८५१२७२५२१ |
| ४१ | गण्डकी | मुस्ताङ | ९८५७६३७७७७ | ०६९-४४००९९ | ९८५१२७२४७४ |
| ४२ | गण्डकी | म्याग्दी | ९८५७६२७७७७ | ०६९-५२०२७५ | ९८५१२७२५९० |
| ४३ | गण्डकी | नवलपुर | ९८५७०८७७७७ | ०७८-५४०१०० | ९८५१२७२५१६ |
| ४४ | गण्डकी | पर्वत | ९८५७६१७७७७ | ०६७-४२०२६२ | ९८५१२७२०७९ |
| ४५ | गण्डकी | स्याङजा | ९८५६०४७७७७ | ०६३-४२०२८४ | ९८५१२७२५१८ |
| ४६ | गण्डकी | तनहुँ | ९८५६०६७७७७ | ०६५–५६०१९९ | ९८५१२७२०९९ |
| ४७ | लुम्बिनी | कपिलवस्तु | ९८५७०३७७७७ | ०७६-५६०४६५ | ९८५१२७२१३७ |
| ४८ | लुम्बिनी | परासी | ९८५७०४७७७७ | ९८५७०६५५६० | ९८५१२७२१३५ |
| ४९ | लुम्बिनी | रुपन्देही | ९८५७०७७७७७ | ०७१-५२०२०० | ९८५१२७२१४४ |
| ५० | लुम्बिनी | अर्घाखाँची | ९८५७००७७७७ | ०७७-४२०२९९ | ९८५१२७२०५७ |
| ५१ | लुम्बिनी | गुल्मी | ९८५७०१७७७७ | ०७९-५२०२३० | ९८५१२७२२८१ |
| ५२ | लुम्बिनी | पाल्पा | ९८५७०५७७७७ | ०७५-५२०५३६ | ९८५१२७२५८० |
| ५३ | लुम्बिनी | दाङ | ९८५७८०७७७७ | ०८२-५२०९५९ | ९८५१२७२०८४ |
| ५४ | लुम्बिनी | प्युठान | ९८५७८१७७७७ | ०८६-४२००३६ | ०८६-४६०४८८ |
| ५५ | लुम्बिनी | रोल्पा | ९८५७८२७७७७ | ०८६-६८००९९ | ०४९-७५७८७३ |
| ५६ | लुम्बिनी | रूकुम-पूर्व | ९८५७८६७७७७ | ९८७८९०४८१ | ०८८-४१३०९७ |
| ५७ | लुम्बिनी | बाँके | ९८५८०२७७७७ | ०८१-५२६१९१ | ९८५१२७२१३८ |
| ५८ | लुम्बिनी | बर्दिया | ९८५८०३७७७७ | ०८४-४२०१९९ | ९८५१२७२१३९ |
| ५९ | कर्णाली | रूकुम-पश्चिम | ९८५७८३७७७७ | ०८८-५३०१८७ | ९८५१२७२६४६ |
| ६० | कर्णाली | सल्यान | ९८५७८४७७७७ | ०८८-५००७० | ०८८-५२०४१५ |
| ६१ | कर्णाली | डोल्पा | ९८५८३०७७७७ | ०८७-५५००५७ | ९८५१२७२१८५ |
| ६२ | कर्णाली | हुम्ला | ९८५८३१७७७७ | ०८७-६८०१३३ | ९८५१२७२७५७ |
| ६३ | कर्णाली | जुम्ला | ९८५८३२७७७७ | ०८७-५२००१३ | ०८७-५२०५०३ |
| ६४ | कर्णाली | कालिकोट | ९८५८३३७७७७ | ०८७-४४००१३ | ०८७-४४०३१३ |
| ६५ | कर्णाली | मुगु | ९८५८३४७७७७ | ०८७-४६००९९ | ९८५१२७२७६१ |
| ६६ | कर्णाली | सुर्खेत | ९८५८००७७७७ | ०८३-५२००२२ | ९८५१२७२०८३ |
| ६७ | कर्णाली | दैलेख | ९८५८०१७७७७ | ०८९-४२०११३ | ०८९-४१०२५५ |
| ६८ | कर्णाली | जाजरकोट | ९८५८०४७७७७ | ०८९-६८०२५५ | ०८९-४३०३५१ |
| ६९ | सुदुर पश्चिम | कैलाली | ९८५८४२७७७७ | ०९१-५२११५० | ९८५१२७२१४२ |
| ७० | सुदुर पश्चिम | अछाम | ९८५८४०७७७७ | ०९८-६२०२२० | ९८५१२७२३४९ |
| ७१ | सुदुर पश्चिम | डोटी | ९८५८४३७७७७ | ०९४-४२००९९ | ९८५१२७२०८७ |
| ७२ | सुदुर पश्चिम | बझाङ | ९८५८४१७७७७ | ०९२-४२१००६ | ९८६४३२६५८२ |
| ७३ | सुदुर पश्चिम | बाजुरा | ९८५८४४७७७७ | ०९७-५५४०३१२ | ९८५१२७२७५२ |
| ७४ | सुदुर पश्चिम | कंचनपुर | ९८५८७३७७७७ | ०९९-५२११३६ | ९८५१२७२१४१ |
| ७५ | सुदुर पश्चिम | डडेलधुरा | ९८५८७१७७७७ | ०९६-४२०१७६ | ९८५१२७२५१३ |
| ७६ | सुदुर पश्चिम | बैतडी | ९८५८७०७७७७ | ०९३-४२०२५० | ९८५१२७२०८५ |
| ७७ | सुदुर पश्चिम | दार्चुला | ९८५८७२७७७७ | ९८५८७५४४५५ | ९७४१४६९००७ |

प्राविधिक सहायताः राष्ट्रिय आवास तथा बस्ती उत्थानशील समन्वय मञ्च